# बैठक नं. ५६

आज मिति २०७६ कार्तिक २६ गते मंगलबार दिउँसो ३ बजे यस कीर्तिपुर नगरपालिकाका नगर प्रमुख श्री रमेश महर्जनज्युको अध्यक्षतामा, नगर कार्यपालिकाको बैठक, वडा नं. १ स्थित नगरपालिकाको सभाकक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी निम्न बमोजिमका निर्णयहरु गरियो ।

| सि.न. | पद | नाम, थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष, प्रमुख | श्री रमेश महर्जन | |
| २ | सदस्य, उपप्रमुख | श्री सरस्वती रिजाल (खड्का) | |
| ३ | सचिव | श्री ध्रुवराज आचार्य | |
| ४ | सदस्य, अध्यक्ष वडा न. १ | श्री हर्ष महर्जन | |
| ५ | सदस्य, अध्यक्ष वडा न. २ | श्री रमेशमान डंगोल | |
| ६ | सदस्य, अध्यक्ष वडा न. ३ | श्री राजेन्द्र महर्जन | |
| ७ | सदस्य, अध्यक्ष वडा न. ४ | श्री राजेन्द्र बानियाँ | |
| ८ | सदस्य, अध्यक्ष वडा न. ५ | श्री राजेन्द्र कुमार महर्जन | |
| ९ | सदस्य, अध्यक्ष वडा न. ६ | श्री न्हुच्छे बहादुर महर्जन | |
| १० | सदस्य, अध्यक्ष वडा न. ७ | श्री राजकुमार माली | |
| ११ | सदस्य, अध्यक्ष वडा न. ८ | श्री विनोद महर्जन | |
| १२ | सदस्य, अध्यक्ष वडा न. ९ | श्री गंगाराम महर्जन | |
| १३ | सदस्य, अध्यक्ष वडा न. १० | श्री अमन महर्जन | |
| १४ | सदस्य | श्री नन्ददेवी महर्जन | |
| १५ | सदस्य | श्री राजु मिजार | |
| १६ | सदस्य | श्री राजेन्द्र तोलाङ्गे | |
| १७ | सदस्य | श्री सरस्वती परियार | |
| १८ | सदस्य | श्री सानु मिजार | |
| १९ | सदस्य | श्री सुनीता नकर्मी | |
| २० | सदस्य | श्री सुमन पोखरेल | |
| २१ | सदस्य | श्री संगिता श्रेष्ठ (उप्रेती) | |
| २२ | आमन्त्रित, ले.अ. | श्री मित्र प्रसाद घिमिरे | |
| २३ | आमन्त्रित, आ.टी.अ. | श्री परशुराम चौलागाईं | |
| २४ | आमन्त्रित, सचिवालय | श्री संजिता लामा | |

निर्णय नं.१

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प.स. २०७६/०७७ च.न. १५० र मिति २०७६/०६/१४ को निर्णय कार्यन्वयन बिषयक पत्र प्राप्त भै व्यहोरा अवगत भयो । सो विषयमा छलफल गर्दा यस नगरपालिका क्षेत्रभित्र उपभोक्ता समिति वा निर्माण व्यवसायीद्वारा संचालन हुने नगर स्तरीय  तथा वडा स्तरीय सबै योजनाहरुको नियमित अनुगमन र सुपरीवेक्षण गरी गुणस्तरीयता कायम गर्नका लागि विशेषज्ञ र प्राविधिक सहित परिचालन गर्ने निर्णय गरियो ।

निर्णय नं.२

यस नगरपालिका वडा नं. ६ सुन्दरिघाटस्थित सुलक्षण कीर्ति बिहारले नेपाल सरकारबाट भोगाधिकार प्राप्त वडा नं. ९ स्थित जग्गामा भवन निर्माणको ईजाजतका लागि दिएको आवेदन सम्बन्धमा छलफल हुँदा उक्त क्षेत्र विगत लामो समयदेखि स्थानीयबासीहरुको दाहसंस्कार स्थलका रुपमा समेत रहेकाले केही सामाजिक समस्या र विवाद विद्यमान रहेको सन्दर्भमा नगरपालिकाको पहलमा उक्त विहारसँग थप छलफल गरी सो को सहमतिसहित आगामी बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं.३

यस नगरपालिकाको अन्तिम लेखा परीक्षणबाट औंल्याईएका बेरुजु/पेश्की र सो फछ्र्यौट सम्वन्धमा छलफल हुदाँ साविकको पेश्की फछ्र्यौटलाई उच्च प्राथमिकता दिई कार्यान्वयन गर्ने र पुरानो पेश्की फछ्र्यौट नभई नयाँ पेश्की उपलब्ध नगराउने निर्णय गरियो ।

निर्णय नं.४

नेपालका नगरपालिकाहरुको छाता संगठनका रुपमा रहेको नेपाल नगरपालिका संघ र United Cities and Local Governments Asia Pacific (UCLG ASPAC) को सदस्यताको नवीकरणका लागि चालु आ.व २०७६/०७७ सम्मको सदस्यता शुल्क बापतको रकम चालु आ.व. २०७६/०७७ को चालु तर्फको भैपरी आउने शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

निर्णय नं. ५

कीर्तिपुर नगरपालिकाको जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्नका लागि मिति २०७६ कार्तिक २९ र ३० गते नगरकार्यपालिकाका सदस्यहरु र कार्यालयका सवै शाखा प्रमुखहरुलाई नागढुङ्गा स्थित पातलेवन रिसोर्टमा आयोजित कार्यक्रम आयोजना गर्ने र सो कार्यक्रममा सम्पूर्ण कार्यपालिकाका सदस्यहरु र शाखा प्रमुखहरुलाई सहभागी गराउने निर्णय गरियो ।

निर्णय नं. ६

यस कीर्तिपुर नगरपालिका वडा नं. ६ चोभारस्थित ईश्वरी राजमार्गबाट हुपील्याण्ड फन पार्क सम्मको बाटो बिस्तार गर्नका लागि सडक छेउमा रहेको करिव १५००० घ.मि. माटो काट्ने तथा बिक्रि गर्ने गरी कार्यालयबाट मिति २०७६/०७/२६ गते प्रकाशित सूचनाको अनुमोदन गरियो ।

**<u>निर्णय नं. ७</u>**

कीर्तिपुर नगरपालिका वडा नं. ५ निवासी श्री चन्द्र शेखर डंगोलले आफ्नो श्रीमती श्री ज्ञानी माया डंगोल, वर्ष ६६ को २०७१ साल देखि ब्रेस्ट क्यान्सर भएकोले सो रोगको उपचारका लागि आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजातसहित निवेदन पेश गरेको हुदाँ श्री चन्द्र शेखर डंगोललाई उपचार खर्च बापत रू. २५,०००।– (अक्षरेपीः- रु. पच्चीस हजार मात्र) अन्य सामाजिक सहायता शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ८</u>**

कीर्तिपुर नगरपालिका वडा नं.१ निवासी श्री अम्बिका कपालीले आफ्नो बुहारी श्री दीपिका कुश्ले, वर्ष ३० को रक्त क्यान्सर भएकोले सो रोगको उपचारका लागि मिति २०७६/०६/३१ मा आफ्नो आर्थिक अवस्था कमजोर भएको कारण खुलाई आर्थिक सहयोगका लागि आवश्यक कागजातसहित निवेदन पेश गरेको हुदाँ नगरप्रमुख स्तरिय निर्णयबाट मिति २०७६/०६/०७ मा निज श्री अम्बिका कपालीलाई रु. ५,०००/- (पाँच हजार मात्र) उपलब्ध गराईसकेको हुदाँ निज श्री अम्बिका कपालीलाई थप उपचार सहयोग स्वरुप रु.२०,०००।– (अक्षरेपीः- रु. बिस हजार मात्र) अन्य सामाजिक सहायता शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं. ९</u>**

यस नगरपालिकाको **"नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४"** को नियम १५ (१) मा तथा **"नगर कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४"** अनुसूची ५ मा कार्यपालिकाको समिति गठन सम्बन्धी भएको व्यवस्थामा तपशिल बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

| सि.न. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण | कै. |
|---|---|---|---|---|
| १ | कार्यसम्पादन नियमावली, २०७४ को नियम १५ (१) "(छ) स्वास्थ्य, वातावरण, वन, फोहोरमैला व्यवस्थापन समिति" | नियम १५ (१) ".छ) स्वास्थ्य प्रवर्द्धन तथा फोहोरमैला व्यवस्थापन समिति र (छ)१ वन तथा वातावरण संरक्षण समिति" | समितिको नाम र कार्यक्षेत्र ठुलो भएकाले दुईवटा समिति बनाई व्यवस्थित गर्नका लागि | |
| २ | कार्यसम्पदान नियमावली, २०७४ को अनुसुचि ३ "(छ) स्वास्थ्य, वातावरण, वन, फोहोरमैला व्यवस्थापन समितिको कार्यक्षेत्र –<br>१.स्वास्थ्य तथा जनसंख्या सम्वन्धी | अनुसुचि ३ "(छ) स्वास्थ्य प्रवर्द्धन तथा फोहोरमैला व्यवस्थापन समितिको कार्यक्षेत्र –<br>१.स्वास्थ्य तथा जनसंख्या सम्वन्धी<br>२. फोहोरमैला व्यवस्थापन सम्वन्धी<br>(छ)१ वन तथा वातावरण संरक्षण समितिको कार्यक्षेत्र<br>१. वातावरण संरक्षण तथा हरियाली | समिति दुईवटा बनाउदा कार्यक्षेत्र समेत बाँडफाँड गर्नका लागि | |

| | | | | |
|---|---|---|---|---|
| | २. वातावरण संरक्षण तथा हरियाली प्रवर्द्धन सम्वन्धी<br>३. फोहोरमैला व्यवस्थापन सम्वन्धी<br>४. नगर सौन्दर्यताको संरक्षण तथा विकास सम्वन्धी<br>५. वन तथा वातावरण र व्यवस्थापन सम्वन्धी | प्रवर्द्धन सम्वन्धी<br>२. नगर सौन्दर्यताको संरक्षण तथा विकास सम्वन्धी<br>३. वन तथा वातावरण संरक्षण र व्यवस्थापन सम्वन्धी | | |
| ३ | कार्यविभाजन नियमावली, २०७४ को अनुसूची (५) "(७) स्वास्थ्य, वातावरण, वन, फोहोरमैला व्यवस्थापन समिति" | अनुसूचि ५ "(७) स्वास्थ्य प्रवर्द्धन तथा फोहोरमैला व्यवस्थापन समिति र (७)१ वन तथा वातावरण संरक्षण समिति" | कार्यसम्पदान नियामावली बमोजिम हुने गरी समितिको नाम र कार्यक्षेत्र ठुलो भएकाले दुईवटा समिति बनाई व्यवस्थित गर्नका लागि | |

उल्लेखित समितिमध्ये साविकको स्वास्थ्य, वातावरण, वन, फोहोरमैला व्यवस्थापन समितिको संयोजकमा वडा नं. १ अध्यक्ष हर्ष महर्जन रहनु भएकोमा अब उप्रान्त "स्वास्थ्य प्रवर्द्धन तथा फोहोरमैला व्यवस्थापन समिति" को संयोजकमा वडा नं. १ का अध्यक्ष हर्ष महर्जन र "वन तथा वातावरण संरक्षण समिति" को संयोजकमा वडा नं. १०, अध्यक्ष, श्री अमन महर्जन लाई तोक्ने निर्णय गरियो ।

<u>निर्णय नं. ११</u>

यस नगरपालिकाको **"अपांगता भएका व्यक्तिको परिचयपत्र वितरण कार्यविधि, २०७५" दफा ७ मा** सम्बन्धी भएको व्यवस्थामा तपशिल बमोजिम हुने गरी संशोधन गर्ने निर्णय गरियो।

<u>तपशिल</u>

| सि.न. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नुपर्ने कारण | कै. |
|---|---|---|---|---|
| १ | व्यवस्था नभएको | दफा ७ मा "(ढ) कार्यविधिमा तोकिएका बाहेक चिकित्सक सहितको अपांगता समन्वय समितिको बैठकबाट निर्णय भएमा" | काममा सहजता र व्यवस्थित गर्नका लागि | |

निर्णय नं. १२

कीर्तिपुर नगरपालिकाको काम कारबाहीलाई र जेष्ठ नागरिकहरुको परिचयपत्र वितरण कार्यलाई सरल, सहज र प्रभावकारी बनाउनका लागि विधेयक समितिमार्फत तयार भई पेश हुन आएको " जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७६" उपर वृहत छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. १३

नेपाल वुद्धिचाल संघ तथा मदन भण्डारी स्पोर्टस फाउण्डेशन द्वारा काठमाडौंमा सञ्चालित मदन भण्डारी एसियाली चेश च्याम्पियन सीप संचालन गर्नका लागि आवश्यक सहयोगका लागि अनुरोध भई आएकोले सो प्रतियोगिताको गरिमा, उपादयेता र महत्त्वलाई ध्यानमा राखी यस नगरपालिकाको तर्फबाट यस आ.व २०७६/०७७ मा पुजीगत तर्फ नगर खेलकुद विकास समिति मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन अनुदान शिर्षकबाट रू.१,५०,०००।– (अक्षरुपीः एक लाख पचाँस हजार) सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

यस नगरपालिकाको वडा नं.२ स्थित इन्द्रायणी परिवार क्लवद्वारा संचालन हुन लागेको कीर्तिपुर नगर स्तरीय भलिबल प्रतियोगिताका लागि सहयोग माग भई आएकोले सो प्रतियोगिता संचालनका लागि यस नगरपालिकाको तर्फबाट यस आ.व २०७६/०७७ मा पुजीगत तर्फ नगर खेलकुद विकास समिति मार्फत विभिन्न खेलकुद प्रतियोगिता संचालन अनुदान शिर्षकबाट रू.५०,०००।– (अक्षरुपीः पचाँस हजार) सहयोग गर्ने निर्णय गरियो ।

निर्णय नं. १५

नेपालमा सुरु हुन गईरहेको नवौ दक्षिण एशियाली खेलकुद प्रतियोगिता अन्तर्गत कीर्तिपुर वडा नं.१० स्थित खेल मैदानमा निर्मित कभर्ड हलमा खोखो तथा बक्सिङ्ग लगायतका प्रतियोगिताहरु संचालन हुने र सो हलमा बत्तिको व्यवस्थापन गर्न राष्ट्रिय खेलकुद परिषदबाट अनुरोध भै आएकोले यस नगरपालिकाको तर्फबाट उक्त हलमा फ्लड लाईटको व्यवस्थापन गर्न आवश्यक बजेट रू.५,००,०००।– (अक्षरुपीः पाँच लाख ) यस आ.व २०७६/०७७ मा पुजीगत तर्फ विनियोजित खेलकुद पुर्वाधार निर्माण शिर्षकबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।साथै उक्त प्रतियोगितामा सहभागिता जनाउन आउने सम्पूर्ण खेलाडी, प्रशिक्षक, पदाधिकारी, अफिसियल तथा दर्शकहरुको लागि स्वागतार्थ २ वटा स्वागतद्वार नयाँबजार खेलमैदान प्रदेश स्थानमा र नयाँबाटो ल्याबोरोटरी स्कूल नजिकैको कीर्तिपुर प्रवेश गर्ने स्थानमा निर्माण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं. १६</u>**

संध्या टाइम्स मिडिया प्रा.लि द्वारा संचालन हुन लागेको नेपाल भाषा साहित्य महोत्सवका लागि सहयोग माग भई आएको र सो महोत्त्सवमा कीर्तिपुरका पर्यटकीय स्थलहरुको प्रचार प्रसार गर्न स्टल राखी ब्रोसर वितरण गर्नेगराउने भएकोले सो महोत्सव संचालनका लागि यस आ.व २०७६/०७७ मा पुजीगत तर्फ पर्यटन प्रवर्द्धन कार्यक्रम शिर्षकबाट रू.४०,०००।– (अक्षरुपीः चालिस हजार ) उपलब्ध गराउने निर्णय गरियो ।

**<u>निर्णय नं.१७</u>**

यस कीर्तिपुर नगरपालिकाको वडा नं.३, ४ र ९ स्थित ढल्पा सल्यानस्थानमा जग्गा एकिकरण आयोजना संचालन गर्नका लागि यस आ.व २०७६/०७७ मा नगरसभाबाट रू.३०,००,०००।– बजेट विनियोजित भई परामर्शदाता समेत छनौट गरी केही कामहरु अघि बढाई सकेको र सो कार्यका लागि उपयोग हुने जग्गाहरुको फिल्ड बुक आवश्यक परेको हुदाँ नापी कार्यालय, कलंकीलाई फिल्ड बुक उपलब्ध गराईदिनका लागि पत्राचार गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१८</u>**

कार्यपालिकाको ५२ औं बैठकबाट सार्वजनिक सूचना गरी पदपूर्ति गर्ने निर्णय भएका पदहरुमध्ये जेष्ठ नागरिक औषधी वितरण कार्यक्रम अन्तर्गतको सि.नं.१४ र १५ को क्रमश फर्मासिस्ट र कम्प्युटर अपरेटर पदको हकमा कीर्तिपुर अस्पताल मार्फत औषधी वितरण गर्ने हुदाँ सो पदपूर्तिका लागि कीर्तिपुर अस्पताललाई नै जिम्मा दिने र प्रकाशन कार्यक्रम अन्तर्गतको सि.नं.११,१२ र १३ को क्रमश उपसम्पादक, प्रकाशन सहायक र हकर पद नगरपालिकाको साप्ताहिक बुलेटिन प्रकाशन  गर्ने कार्यसँग सम्बन्धित रहेकोले उक्त पदपूर्ति गर्न नगर प्रमुख सचिवालय मार्फत नगर प्रमुखलाई नै अधिकार दिने निर्णय गरियो ।

# बैठक नं. ५५

आज मिति २०७६ असोज १२ गते आईतबार दिउँसो ४ बजे

## निर्णय नं.१

नजिकिदै आएको नेपालीहरुको महान चाड विजया दशमीको उपलक्ष्यमा शुभकामना आदानप्रदान तथा सम्पूर्ण नेपालीहरुको सुख, शान्ति, समृद्धि, सु-स्वास्थ्य, सु-मंगल तथा दीर्घायुको कामना गर्ने निर्णय गरियो ।

## निर्णय नं.२

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/६/१० गतेको प.सं.०७६/०७७ र च.नं.१४४ को प्राप्त पत्रानुसार आसन्न अति विशिष्ट पाहुनाको नेपालमा हुन लागेको भ्रमणलाई ध्यानमा राखी तपशील बमोजिमको समितिमा सहभागीता जनाउने निर्णय गरियो।

| क्र.स | उप-समितिको नाम | सम्पर्क व्यक्ति | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|
| १ | झाँकी एवं सांस्कृतिक उपसमिति | भाषा,संस्कृति,सम्पदा,ललितकला एवं पर्यटन समिति संयोजक तथा वडा अध्यक्ष श्री रमेशमान डंगोल | ९८५१०३०७५५ | |
| २ | Screen तथा Digital Display उपसमिति | सूचना तथा प्रविधि अधिकृत श्री परशुराम चौलागाई | ९८४९१८२५१६ | |
| ३ | सरसफाई उपसमिति | स्वास्थ्य, वातावरण, वन, फोहोरमैला व्यवस्थापन समिति संयोजक तथा वडा अध्यक्ष श्री हर्ष महर्जन | ९८४१३३०५४५ | |

## निर्णय नं.३

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०६/१२ को प.सं.२०७६/०७७ र च.नं.११० को प्राप्त पत्रानुसार स्थानीय तहबाट समपूरक तथा विशेष अनुदान माग गर्न भनी लेखी आएकोमा पाचौं नगरसभाको निर्णय नं.१२ बाट समपूरक र विशेष अनुदानका योजना छनौट गरी अनुरोध गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गरे बमोजिम तपशिल बमोजिमका समपूरक अनुदान र विशेष अनुदानका योजनाहरु प्रस्ताव गर्ने निर्णय गरियो ।

## तपशिल

| क्र.स | योजनाका नामहरु | लागत (अनुमान) | स्थानीय तहले व्यहोर्ने रकम (५०%) | लाभान्वित संभाव्य जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | न्याम्ह सिमा चोक- अजिमा पार्क- अमृतनगर सडक स्तरोन्नती योजना | १,९९,५६,२१३।०८ | ९९,७८,१०६।५४ | १००० | समपूरक अनुदानको योजना |
| २ | अमृतनगर- मैत्रीनगर- नेपाल भाषा एकेडेमी सडक स्तरोन्नती योजना | २९८९२६८३।८५ | १,४९,४६,३४१।९२ | २००० | समपूरक अनुदानको योजना |
| ३ | नयाँबजार खेल मैदान निर्माण | २९,२७,८६,५०४।२२ | | | विशेष अनुदानको योजना |

## निर्णय नं.४

संङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०६/०७ को प.सं.२०७६/०७७ र च.नं.७५ को प्राप्त पत्रानुसार डेङ्ग रोग नियन्त्रण सम्बन्धमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को मिति २०७६/०५/२४ को निर्णयलाई यस नगरपालिकाको हकमा पनि लागु गर्ने निर्णय गरियो ।

## निर्णय नं.५

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सडक विभाग, सडक डिभिजन, काठमाडौंको मिति २०७६/०६/०९ को च.नं.४२८/०७६/७७ को प्राप्त पत्रानुसार तिन थाना कीर्तिपुर सडक बल्खुमा मुख्य पुलको निर्माण कार्यमा अवरोध सृजना भएको हुदाँ सो सम्बन्धी सम्बन्धित पक्षहरुसँग आवश्यक समन्वय गर्नका लागि सम्बन्धित वडा कार्यालयहरु, की.न.पा वडा नं.२ र की.न.पा वडा नं.३ लाई नै जिम्मेवारी दिने निर्णय गरियो ।

## निर्णय नं.६

यस नगरपालिकाको विनियोजन ऐन २०७६ मा समावेश गरिएका सम्पूर्ण वडा स्तरिय तथा नगर स्तरीय योजनाहरुको २०७६ कार्तिक महिनाको मसान्त भित्रमा लागत अनुमान तयार गरी योजना सम्झौता गर्न आउन आह्वान गर्ने निर्णय गरियो ।

## निर्णय नं.७

आर्थिक मामिला तथा योजना मन्त्रालयको मिति २०७६/०४/१५ गते, प.सं.२०७६/०७७, च.नं. ४६ र ४७ को प्राप्त पत्रानुसार स्थानीय तहले प्रदेश सरकारबाट सञ्चालन गर्ने समपूरक अनुदानका योजनाहरु र विशेष अनुदानका योजनाहरु प्रस्ताव गर्न लेखी आएकोमा पाचौं नगरसभाको निर्णय नं.१२ बाट समपूरक र विशेष अनुदानका योजना छनौट गरी अनुरोध गर्न नगरकार्यपालिकालाई अधिकार प्रत्यायोजन गरे बमोजिम तपशिल बमोजिमका थप योजनाहरु समपूरक अनुदानका लागि प्रस्ताव गर्ने निर्णय गरियो ।

तपशिल

| क्र.स | योजनाका नामहरु | लागत (अनुमान) | स्थानीय तहले व्यहोर्ने रकम (५०%) | लाभान्वित संभाव्य जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|
| १ | छुगाउँ- राराहिल-लनगोल-टौदह सडक | २८,०६,७४,७८०।२४ मध्ये यस आ.व मा २ करोड | १,००,००,०००।- | ८००० | समपूरक अनुदानको योजना |
| २ | कीर्तिपुर-५, पाँगा(पूर्वी खण्ड) ढल निकास योजना | १६७६५२९९१।६९ मध्ये यस आ.व मा १ करोड | ५०,००,००० ।- | ३५०० | समपूरक अनुदानको योजना |

## बैठक नं. ५४

आज मिति २०७६ भाद्र २६ गते बुधबार दिउँसो ४ बजे

### निर्णय नं.१

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७६/०५/२५ को परिपत्र अनुसार मिति २०७६ असोज ०२, ०३ र ४ गते, तीन दिनसम्म "संविधान दिवस तथा राष्ट्रिय दिवस हर्षोल्लासका साथ मनाऔं, घर घरमा राष्ट्रिय झण्डा फहराऔं, घर घरमा दिपावली गरौं" भन्ने नाराका साथ तपशिलका कार्यक्रम सहित संविधान दिवस व्यापक र भव्यताका साथ मनाउने निर्णय गरियो ।

तपशिल

| सि.न. | क्रियाकलाप | क्रियाकलाप हुने समय | जिम्मेवारी | स्थल | कैफियत |
|---|---|---|---|---|---|
| १ | दिपावली | असोज २, ३ र ४ गते साँझ | सवै जनप्रतिनिधि र कर्मचारी | कार्यालय तथा घर-घरमा | |
| २ | सरसफाई | असोज २, ३ र ४ गते | कार्यालय र साझेदार संस्था | कार्यालय तथा सार्वजनिक स्थल | |
| ३ | फलफुलका वृक्षारोपण | असोज ४ गते | सवै जनप्रतिनिधि र कर्मचारी | कार्यालय परिसर, घर तथा सार्वजनिक स्थल | |
| ४ | प्रभातफेरी कार्यक्रममा सहभागिता | असोज ३ गते विहान ७:३० बजे | सवै जनप्रतिनिधि र कर्मचारी | नगरपालिकाको नयाँ भवन, लोकतान्त्रिक चोक नयाँ बजारबाट शुरु भै महानगरिय प्रहरी वृत, कीर्तिपुर पुगी समापन | |
| ५ | राष्ट्रिय झण्डा राख्ने | असोज २ गते | नगरपालिका | नपा, वडा र मुख्य मुख्य चोक | |
| ६ | फलफुल वितरण, रक्तदान लगायतका अन्य कार्यक्रम | असोज २ ,३ र ४ गते | नगरपालिका कार्यालय र साझेदार संस्था | अस्पताल लगायतका उपयुक्त स्थानमा | सरोकारवाला सँगको समन्वयमा तय हुने |

### निर्णय नं.२

नेपाल टेलिकमबाट उपलब्ध गराईएको Corporate User Group (CUG) सेवा नगर कार्यपालिकाको कार्यालयका प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत लगायत सम्पूर्ण शाखा प्रमुखहरुलाई उपलब्ध गराउने र वडाको हकमा वडा अध्यक्ष तथा वडा सचिवलाई समेत यो सेवा उपलब्ध गराउने निर्णय गरियो ।साथै सो सेवा उपलब्ध गराउनका लागि पहिलो महिनाको सम्पुर्ण रकम नगर कार्यपालिकाको कार्यालयबाट एकमुष्ठ भूक्तानी गर्ने र दोस्रो महिनादेखि

सरकारी संचार सुविधा लिईरहनु भएकाहरुको हकमा सोहि सुविधाबाट सम्वन्धित व्यक्तिले व्यवस्था गर्ने र अन्यको हकमा कार्यालयबाट व्यवस्था गर्ने निर्णय गरियो ।

## निर्णय नं.३

काठमाडौं लगायत नेपालको विभिन्न जिल्लाहरुमा हाल डेंगु रोगले महामारीको रुप लिन थालेको अवस्थामा यस कीर्तिपुर नगरपालिकामा पनि उक्त डेंगु रोग नियन्त्रण, रोकथाम र उपचारका लागि नगरपालिका भित्रका स्वास्थ्य संबद्ध निकायहरुको समन्वयात्मक रुपमा परिचालन गर्ने र डेंगु रोग नियन्त्रणका लागि प्रवर्द्धनात्मक तथा उपचारात्मक दुवै उपायलाई सँगसँगै अवलम्वन गर्ने निर्णय गरियो ।

## निर्णय नं.४

यस कार्यालयका आर्थिक प्रशासन शाखाका शाखा प्रमुख लामो समयका लागि विदामा बस्नु भएकोले यस नगरपालिकामा कामकाज गर्न तोकिनु भएका लेखा अधिकृत श्री मित्रप्रसाद घिमिरेलाई आर्थिक प्रशासन शाखा प्रमुखको जिम्मेवारी तोकी कामकाजमा खटाउने निर्णय गरियो ।